CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७८

०८ ।८ ।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोभिड - १९ सम्बन्धी केही नयाँ निर्णय तथा प्रावधानहरु

१. विदेश जानेहरुको हकमा कोभिड - १९ परीक्षण नेपाल सरकारका Level "A" प्रयोगशालाबाट मात्र गर्ने र त्यस्ता व्यक्तिको पहिचानको लागि बायोमेट्रिक वा सो किसिमको अन्य प्रणाली लागु गर्ने ।





२. परीक्षणका लागि नमुना दिने व्यक्तिहरुको नेपाल सरकारबाट जारी परिचयपत्र अनिवार्य रुपमा हेरेर मात्र परीक्षण गर्ने ।

३. विदेशबाट स्थलमार्ग वा हवाईमार्ग हुँदै नेपाल आउने सबैको हकमा अब उप्रान्त अनिवार्य १४ दिन क्वारेन्टाईनमा राख्ने र त्यस अवधीमा लक्षण देखिएमा मात्र परीक्षण गर्ने ।





४. कोभिड - १९ को पिसिआर परीक्षण गर्ने सबै प्रयोगशालाहरुले कोभिड - १९ परीक्षण गर्न लिईएका सबै नमुनाहरु नेगेटिभको हकमा १ महिनासम्म र पोजेटिभको हकमा ३ महिनासम्म स्टोर गरी राख्नुपर्नेछ ।

५. कोभिड - १९ को परीक्षणका क्रममा पोजेटिभ वा नेगेटिभ रिपोर्ट दिने गरिएकोमा अब देखी ईन्कन्क्लुसिभ रिपोर्ट आयो भने पनि उक्त रिपोर्टलाई पोजेटिभ नै मान्ने ।



स्रोत: https://cutt.ly/chtGxG2

## नेपाल अपडेट



धनगढीमा उप-महानगरपालिकाले ५० प्रतिशत छुट दिने भनेपछी च्याउको बीउ खरिद गर्नेको भिड

तस्विर: लोक बहादुर घर्ती

### परिक्षण

पिसिआर परिक्षण: १६,७०,४५६

पोजेटिभ: २,२२,२८८

उपचाररत: १८,८८४

मृत्यु : १३३७

सन्चो भएका : २,०२,०६७






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



विदेशमा आम माफी पाएका व्यक्ति नेपाल आउँदा लाग्ने सबै खर्च सरकारले व्यहोर्ने हो ?

श्रम स्वीकृतिको अवधीभित्र थुनामा परेर आममाफी पाई स्वदेश फिर्ता केन्द्रमा रहेका कामदारको लागि लाग्ने हवाई टिकट खर्चको शतप्रतिशत रकम सरकारले वैदेशिक रोजगार कल्याणकारी कोषबाट व्यहोर्ने छ । त्यो भन्दा बाहेक आममाफीमा परेका नेपालीले भने स्वदेश फर्किन लाग्ने खर्चको व्यवस्था आफै गर्नु पर्नेछ ।

स्रोत: https://cutt.ly/nhtcnQB



सरबारले व्यवसायिक कर्जा प्रवाह गर्दैछ भन्ने समाचार आईरहेको छ । यो कर्जा चाहीं कसले पाउने हो ?

कोभिड - १९ बाट प्रभावित घरेलु, साना तथा मझौला उद्यम एवं प्रयटन व्यवसायका श्रमिक र कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालन निरन्तरताका लागि सरकारले न्युन ब्याजदरमा कर्जा प्रवाह गर्नेछ । यसका लागि २०७७ मंसिर १० गतेबाट कर्जा प्रवाहका लागि आवेदनका लागि सूचना प्रकाशन गर्ने निर्णय अर्थ मन्त्रालयले गरेको छ ।

स्रोत: https://mof.gov.np/uploads/news/file/Press%20Release_20201120113704.pdf



सरकारले भने बमोजिम तलब भत्ता नदिएका कारण कोभिड - १९ को रोकथाम, नियन्त्रण र उपचारमा खटिएका कर्मचारी अन्यत्र सरुवा माग्ने क्रम बढेको हो ?

यस कुरालाई मध्यनजर गरी कोभिडको अवधिभर रमाना नदिई साविक अस्पतालमा कामकाज लगाउने, यस अघि कोभिड - १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि कामकाज गर्न खटाईएका कर्मचारीलाई पूर्ववत कामकाजमा लगाउने र उनीहरूलाई तलब भत्ता भुक्तनी सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सबै स्थानीय तहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परिपत्र जारीगरेको छ ।

स्रोत: https://mohp.gov.np/attachments/article/647/convert-jpg-to-pdf.net_2020-11-22_10-06-01.pdf



हाल राजधानीका पार्टी प्यालेसहरु निर्वाध चलिरहेका देखिन्छन् । के सरकारले सञ्चालन गर्ने अनुमती दिएकै हो ?

नेपाल सरकार मन्त्रिपरिषदको विभिन्न मितिमा भएका निर्णय बमोजिम हाललाई पार्टी प्यालेस जस्ता भीडभाडजन्य गतिविधि हुने स्थानहरु सञ्चालनमा रोक लगाईएको छ । निर्णय विपरित त्यस्ता गतिविधि भईरहेको देख्नमा आएकोले, उक्त निषेधित कार्य नगर्न/नगराउन प्रशासनले सबैमा अनुरोध गरेको छ । त्यस्ता निषेधित कार्य गरे / गराएको पाईएमा संक्रामक रोग ऐन र स्थानीय प्रशासन ऐन बमोजिम कारवाही गरिने पनि जनाईएको छ ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/


WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,५५,२५८ | १,४०,०५६ | ८५,७०५ | १,३७,२२९ | १,५८,९९० | १,२२,०८१ | ५४,७७५ | ३१,००४ |
| नेपाली संक्रमित | ५,१५० | २,१०० | ४५१ | २६,५०० | ३,३५० | ३०० | ८१ | २७ |
| मृत्यु भएका नेपाली | ८३ | १२ | ३ | १८ | ६९ | १ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## साउदी अरबमा पासपोर्ट नविकरण गर्न अस्थायी कार्यालय स्थापना हुने

साउदी अरबमा रहनु भएका र पासपोर्ट नविकरण गर्नुपर्ने श्रमिकहरुका लागि रियादमा रहेको नेपाली दुतावाससम्म आईपुग्न टाढा हुने भएकोले सहजताको लागि रियाद भन्दा टाढा रहेको स्थानमा सिविर सञ्चालन गरिने बताईएको छ ।

**अस्थायी कार्यालय स्थापना हुने शहर र कार्यालय सञ्चालन हुने मिति:**

१. दमाम: ४ डिसेम्बर २०२०, शुक्रबार

२. जुवेल: ११ डिसेम्बर २०२०, शुक्रबार




**अस्थायी कार्यालय राख्ने स्थान र समय पछि जानकारी गराइनेछ ।**

- यि ठाउँहरुमा फोटो खिच्ने, औंठा छाप, हस्ताक्षर आदि संकलनका संकलन गरिनेछ ।
- राहदानी नविकरणको लागि अनलाइन फाराम भर्न बाँकी रहेकाहरुले आफैंले वा आफ्ना साथीभाईको सहयोगमा https://forms.gle/pryfMdChxs2QHCPi6 लिंकबाट यथाशीघ्र अनलाइन फाराम भरी पठाउनु होला ।
- राहदानी नविकरण दस्तुर २०० रियाल र हराएको या थोत्रो भएको बिग्रेकोलाई ४०० रियाल पर्नेछ । हराएको खण्डमा आफ्नो प्रहरी रिपोर्ट, कम्पनीको चिठ्ठी, पुरानो पासपोर्टको फोटोकपी लगायतकाका कागजातका साथमा उपस्थित हुनुहोला।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# फ्रन्टलाईनर्स भोईसेस



## गगन सिं सुनार

प्रमुख, लेकवेशी नगरपालिका, सुर्खेत

"भारत तथा अन्य मुलुकबाट हाम्रो नगरपालिकामा धेरै नागरिकहरु आउनुभएको छ । त्यस मध्येका दक्ष जनशक्तिलाई हामीले स्थानियस्तरमै उपयोग गर्न सक्यौं भने नगरपालिकाको आवश्यकता परिपूर्ति हुन्छ । त्यसका बाबजुत हामिसँग आर्थिक चुनौती त छँदै छ । विदेशबाट फर्किएकाहरूलाई ठुलै काम दिएर ठुलै हिस्सा जनशक्तिलाई काम दिएर यहाँ रोक्न सक्ने स्थिती छैन । तर, व्यवसायिक रुपमा बाख्रापालनका लागि केन्द्रबाट १ करोड र यहाँबाट १ करोड गरी २ करोड रुपैयाँ बजेट विनियोजन भएको छ । प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममा पनि विदेशबाट फर्किएकाहरूलाई प्राथमिकतामा राख्छौं । तर, दुखको कुरा भारतबाट फर्किएका नागरिकहरु यस्तो समयमा पनि भारतमा गएर काम गर्ने वातावरण बनाइदिनुपर्यो भन्दै आउनुहुन्छ ।"

## शान्ती छन्त्याल

उप-प्रमुख, लेकवेशी नगरपालिका, सुर्खेत



"हाम्रो नगरपालिकामा कोरोना भाइरसका कारण विदेशबाट फर्किनुभएका धेरै युवाहरुले अहिले कृषि पेशा अंगाल्नुभएको छ । उहाँहरूले आफ्नै देशमा कृषिबाटै केही गर्न सकिदो रहेछ, बाहिर जान पर्दोरहेनछ भन्ने प्रमाण दिदैहुनुहुन्छ । विदेशबाट फर्किनुभएका धेरै भाइबहिनीहरु हामीसँग सम्पर्कमा पनि आउनुभएको छ । के गर्ने ? कसरी गर्ने ? भनेर सल्लाह मागिरहनुभएको छ । त्यसको लागि हामिले कृषि र पशुपालनको लागि हाम्रो स्थानीय तह उपयुक्त भएको कुरा उहाँहरूलाई भनेका पनि छौं । विभिन्न पकेटक्षेत्र छुट्याई कृषि कर्म गर्नको लागि विदेशबाट फर्किएका र उनिहरूका परिवारलाई प्राथमिकता दिनेगरी काम गरेका छौं ।"



## सर्मिला छत्कुली

अनमी, सलबास स्वास्थ्य चौकी, ज्वालामुखी - ६, धादिङ

"मलाई ज्वोरो आउने टाउको, घाँटी र ज्यान दुख्ने भएपछि म क्वारेन्टाइनमा बसेँ । अवस्था नसुध्रिएपछि काठमाडौ रिफर गरियो । वीर अस्पतालले कोरोनाको शंका गरेर मालाइ भर्ना गरेन । त्यसपछि टिचिङ अस्पतालको इमेर्जेन्सिमा राखियो । टिचिङमा आइसियु नभएपछि मनमोहन अस्पताल पुगियो । फेरी टिचिङ फर्कायो । १ दिन पछि कोभिडको रिपोर्ट नेगेटिभ आयो र डिस्चार्ज गर्‍यो । घर पुगेपछि मलाई अस्पताल लाने बुबा र श्रीमानलको कोरोना पोजिटिभ आयो । मलाइ पनि पोजिटिभ देखियो । अहिले म ठिक छु । तर कोरोना भनेर तत्काल उपचार नपाउदा र बिरामीलाई हेर्ने दृष्टिकोण फरक पाउँदा साह्रै दुख लाग्यो । एउटा स्वास्थ्यकमीको त यो अवस्था छ, सर्वसाधारणको हाल के होला?"

सही
सूचना

# नेपालमा मृत्युदर बढ्दै

## कोभिड - १९ का कारण धेरै मृत्यु भएका नेपालका दश जिल्लाहरु




माथिको ग्राफमा कोभिड - १९ का कारण धेरै मृत्यु भएका नेपालका दश जिल्लाहरुलाई देखाईएको छ । जम्मा मृत्यु मध्ये समग्रमा यि जिल्लाहरुमा मात्र मृत्यु हुने संख्या करिब ६५ प्रतिशत रहेको छ । जब की काठमाण्डौ उपत्यकाका तिन जिल्लाहरु काठमाण्डौ, भक्तपुर र ललितपुरमा मात्र मृत्यु हुनेको संख्या कुल संख्याको एक तिहाई रहेको छ । काठमाण्डौ उपत्यका र माथि प्रस्तुत गरिएका जिल्लाहरु स्रोत सम्पन्न नै छन । तर पनि यि जिल्लाहरुमा मृत्युदर र कोभिड - १९ को संक्रमण चिन्ताजनक छ । यो स्थितीलाई नियन्त्रण गर्न सरकारको योजना के छ त ?

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219